तिलागुफा नगरपालिका
तिलागुफा नगर कार्यपालिकाको कार्यालय
कालिकोट जिल्ला, कर्णाली प्रदेश

मिति : ०७६।०२।२३

# निर्णयहरु

**निर्णय नं.३६ : जिल्लास्तरीय राष्ट्पति रनिंगशिल्ड प्रतियोगिताको लागि बजेट व्यवस्था गर्ने सम्वन्धमा :** वार्षिक वजेटमा समावेश नभएको जिल्लास्तरीय राष्टपति रनिंगशिल्ड प्रतियोगिता कार्यक्रम संचालन सम्वन्धमा देहाय बमोजिम निर्णय गर्ने :

(१) जिल्ला राष्टपति रनिंगशिल्ड प्रतियोगिता संचालन गर्न पेश गरिएको रु. १३००००० रकमको कार्यक्रम खर्च प्रस्ताव २०७६ स्वीकृत  गर्ने

(२) उक्त कार्यक्रमका लागि नपुग बजेट ब.र.नं. २२५१२ शीप विकास तथा जनचेतना तालिम कार्यक्रम ५०००००, ब.र.नं.२२७२१ नगर सभा संचालन खर्चमा रहेको ८००००० मध्ये  ३०००००, ब.र.नं.२५३१४ धार्मिक तथा साँस्कृतिक सहायता ५००००० घटाई  ब.र.नं. २२५२२ कार्यक्रम खर्चमा रु.१३००००० (अक्षेरेपि रु. तेह्र लाख) रकम थप गरेर खर्च लेख्न स्वीकृति प्रदान गर्ने ।

(३) आगामी आ.व.०७६।७७ मा जिल्ला स्तरीय राष्टपति रनिंगशिल्ड प्रतियोगिता आयोजना गर्नका लागि तिलागुफा नगरपालिकाका तर्फबाट प्रस्ताव गरी जिल्ला खेलकुद समितिलाई जानकारी गराउने ।

**निर्णय नं.३७ : कर्णाली प्रदेश समपुरक अनुदान रकमबाट निर्माणका लागि छनौट भएका सडक सम्वन्धमा :**

(१) कोलेनिका कालीकोटको च.नं.३२० मिति ०७६।०२।१९ को पत्रबाट "कर्णाली प्रदेश समपुरक अनुदान सम्वन्धी कार्यविधि २०७५ को दफा १० को उपदफा (ग) मा उपभोक्ता समिति मार्फत खर्च गर्न पाइने छैन भन्ने स्पष्ट व्यवस्था भएको" व्यहोरा उल्लेख भै आएको सर्न्दभमा सडकको ट्याक खोल्ने काममा यस नगरपालिकाको पथ्थरिलो भुगोलमा ठेकेदारभन्दा उपभोक्ता समितिको सक्रियता नै प्रभावकारी हुन्छ भन्ने नगरपालिकाको ठम्याइ तथा डिपिआर र लागत इष्टिमेट गर्दा टेण्डर आव्हान गरी काम गर्न नभ्याइने अवस्था सृजना भएको हुदा हाल समपुरक वापत नगरसभाले विनियोजन गरेको देहाय बमोजिमको रकम उपभोक्ता समितिसंग सम्झौता गरी चालु आ.व.०७५।७६ भित्रै काम सम्पन्न गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने  ।

(क) छाप्रे गाल्जे सडक निर्माण २००००००
(ख) ठिन्के गाल्जे सडक निर्माण २००००००
(ग) द्वारे रोकायावाडा (खल्ला) सडक निर्माण १५०००००
(घ) भिग्म रताडा सडक निर्माण १५०००००

(२) "कर्णाली प्रदेश समपुरक अनुदान सम्वन्धी कार्यविधि २०७५ को दफा १० को उपदफा (ग) मा उपभोक्ता समिति मार्फत खर्च गर्न पाइने छैन भन्ने स्पष्ट व्यवस्था भएको कारणबाट चालु आ.व.मा कर्णाली प्रदेश सरकारबाट यस नगरपालिकालाई प्राप्त समपुरक अनुदान रकम रु.१ करोड रकम फिज नहुने व्यवस्था मिलाउन प्रदेश सरकारलाई अनुरोध गर्ने ।

**निर्णय नं.३८ : कार्यालय प्रयोजनका लागि भाडामा लिएका घरहरुको सम्झौता सम्वन्धमा :** नगरकार्यपालिकाका शाखा, स्टोर तथा कर्मचारी कार्यकक्ष र आवास व्यवस्थापन सम्वन्धमा आगामी ०७६ श्रावणदेखि निम्नानुसार हुने गरी प्रकृया अघि बढाउने :

(क) नगरप्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतको आवास वाहेक अन्य भाडामा लिएका घर, कोठाहरुको सम्झौता २०७६ आषाढमसान्त पछि थप नगर्ने भनी सम्वन्धित् घरधनीलाई समयमै जानकारी गराउने ।

(ख) नगरकार्यपालिकाको कार्यालय रहेको क्षेत्र वरपर कार्यालय र कार्यकक्ष व्यवस्थापन हुने गरी नियमानुसार घरभाडाका लागि सूचना प्रकाशन गर्ने प्रकृया समयमै अघि बढाउने ।

(ग) कृषि शाखाको कार्यकक्ष समेत नयाँ भाडामा लिएको घरमा व्यवस्थापन गरी हाल कृषि शाखाले ओगटेको कार्यालय भवन र आवास भवनलाई प्रति एक कोठा दुइ कर्मचारी र परिवारसँग रहनेको हकमा एक परिवार एक कोठाका दरले आवास सुविधा उपलब्ध गराउने गरी हाल कार्यरत तथा लोकसेवा आयोगबाट नयाँ नियुक्ति भै आउने कर्मचारीको हकमा आवास सुविधा उपलब्ध गराउने  ।

**निर्णय नं.३९ : आपसी सम्झौतामा हस्ताक्षर गर्ने** : देहायका गैससहरुसँग नगर कार्यपालिकाको तर्फबाट आपसी सम्झौतामा हस्ताक्षर गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गर्ने :

(क) Action works Nepal

(ख) KIRDARC Nepal

**निर्णय नं.४० : विद्यालयहरुको लेखा परीक्षण गर्न लेखापरीक्षक नियुक्तिका लागि सूचना प्रकाशन गर्ने : यस** तिलागुफा नगरपालिका अर्न्तगत संचालित सम्पूर्ण विद्यालयहरुको आ.व.०७४।७५ सम्मको लेखापरीक्षण गरी ०७६ आषाढ मसान्तसम्म प्रतिवेदन पेश गर्न इच्छुक लेखा परीक्षकहरुबाट लेखा परीक्षण वापत लिने पारिश्रमिकको दर सहितको प्रस्ताव पेश गर्न ७ दिने सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्ने ।

**निर्णय नं.४१ : नगरसभाको आव्हान र बजेटको मार्गदर्शन सम्वन्धमा :** यस विषयमा देहाय बमोजिम गर्ने

(क) बैठकमा छलफल भए अनुसार वडा कार्यालयहरुले आ.व.०७६।७७ को योजना तर्जूमा प्रकृया तत्काल अघि बढाउने । वडा समितिले योजना तर्जुमा गर्दा स्थानीय आवश्यकता अनुसार तत्काल प्रतिफल दिने, रोजगारमुलक योजना तर्जुमा गर्ने । वडास्तरीय योजना तर्जुमा समितिले २०७६ साल आषाढ ७ गतेसम्म वडाका योजनाहरुलाई अन्तिमरुप दिई नगरपालिकामा पेश गरिसक्नु पर्ने ।

(ख) आगामी २०७६ साल आषाढ १० गते दिनको ११.०० बजे तिलागुफा नगरकार्यपालिकाको कार्यालय गाल्जेको सभाहलमा नगरसभाको बैठक आव्हान गर्ने ।

**निर्णय नं.४२ : विविधि (लिखित प्रस्ताव नभएका प्रस्ताव) :** बैठकमा छलफल हुँदा देहायका विषयमा देहाय बमोजिम गर्ने निर्णय गरियो :

(१) वडा नं. ४ को "वाल उद्यान भवन निर्माण रु. ५०००००" बजेट भएको कार्यक्रमको सट्टा वडा कार्यालयको च.नं.९६ मिति ०७६।०२।२१ को पत्र तथा मिति ०७६।०१।०९ को वडा समितिको निर्णयानुसार "स्वास्थ चौकी राँचुलीको फर्निचर, बेड र ल्याव सामग्री खरिद रु. ५०००००" कायम गरी योजना संचालन गर्न स्वीकृति प्रदान गर्ने

(२) तिलागुफा नगरपालिकाको कृषि विकास सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६ पारित गर्ने ।

(३) नाग्म गाँउ लघु जलविद्युत्त उत्पादनको लागि सिभिल वर्क तर्फको काम गर्न वडा नं. १ र ३ ले संयुक्तरुपमा गठन गरेको उपभोक्ता समितिसँग सम्झौता गरी काम अघि बढाउने ।

(४) कृषि विकास शाखाले पेश गरेका विषयमा देहाय बमोजिम गर्ने :

(क) सोलार स्टोर निर्माणका लागि पुगमालिका फलफुल तथा तरकारी उत्पादन कृषक समूह वडा नं. ७ लाई छनौट गर्ने

(ख) कोसेली घरका सन्दर्भमा अर्गानिक कृषिजन्य बस्तु उत्पादन वहुउद्देश्यीय सहकारी संस्था वडा नं. ९ तथा अग्रसर फलफूल तथा तरकारी उत्पादन कृषक समूह तिलागुफा वडा नं. ६ लाई छनौट गर्ने ।

(ग) पोष्ट हार्भेष्ट तर्फ मष्टाभवानी फलफूल तथा तरकारी उत्पादन कृषक समूह तिलागुफा वडा नं. ५ लाई र कुलदेव फलफूल तथा तरकारी उत्पादन कृषक समूह तिलागुफा वडा नं.८लाई छनौट गर्ने ।

(५) एकल महिलाको कार्यक्रम संचालन गर्न मानव अधिकारका लागि महिला एकल महिला समूह खाँडाचक्र नपा १ कालीकोटसँग रु. ८०००० को आपसी सम्झौता गर्ने ।

निर्णय प्रमाणीकरण

उद्धबप्रसाद रिजाल

प्रमुख प्रशासकीय अधिकृत